"सभ्य र समृद्ध परोहा:हाम्रो परोहा राम्रो परोहा"

# आ.ब. २०८३/०८४ को नीति तथा कार्यक्रम

## (दशौं नगरसभा)

## मितिः २०८३/०३/१० गते बुधवार

**परोहा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

लौकाहा, रौतहट

मधेश प्रदेश, नेपाल

CamScanner

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

नगरसभा उपाध्यक्ष ज्यू,

नगरसभा सदस्य ज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

आदरणीय नगरबासीहरु, कर्मचारीहरु, सञ्चारकर्मीहरु, सुरक्षाकर्मीहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,

आगामी आ.व. २०८३/८४ का लागि यस परोहा नगरपालिकाको दशौ नगर अधिवेशनमा नगर प्रमुखको हैसियतले यहाँहरू समक्ष नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महशुस गर्दै यहाँ उपस्थित परोहा नगरपालिकाको दशौ ऐतिहासिक नगर सभामा सहभागी उप प्रमुख ज्यू, नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यू, सम्पूर्ण कर्मचारीहरु, पत्रकारहरु, सुरक्षाकर्मीहरु तथा सहभागी सबै महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघिय लोकतान्त्रिक गणतन्त्रको आज यस परिवर्तित युगसम्म ल्याउन र देशको समग्र राष्ट्रियता, सार्वभौमसत्ता,अखण्डता,राष्ट्रिय स्वधिनता, स्वतन्त्रता एवं संघियता सहितको मुलुकको समृद्दिको भाग्य रेखा कोर्नको लागी विभिन्न समय कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सम्पूर्ण शहिदहरु प्रति स-सम्मान भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।

परोहा नगरपालिकाको विकासको वर्तमान अवस्था, उपलब्ध सिमित श्रोत साधन,कार्यालय र नगरका मौजुदा समस्या तथा चुनौतीहरु, कार्यसम्पादनको क्रममा देखिएका चुनौती तथा अवसरहरु प्रति बृहत रुपमा विश्लेशण गर्दै नगरपालिकाको दुरगामी विकास आजको आवश्यकता रहको छ। समग्र विकासको क्रममा पछाडी परेका वर्ग तथा क्षेत्रका समुदायलाई न्यायपूर्ण र समतामूलक समाजको विकासको मूलप्रवाहमा ल्याउने, उत्पादनमूलक क्षेत्रमा लगानी वृद्दि गर्ने, रोजगारीका अवसरहरुको सृजना एवं विस्तार र विविधिकरण गर्ने, कृषि एवं पशु विकास क्षेत्रहरुको प्रबर्द्धन तथा विविधिकरण गर्ने,उत्पादनमूलक क्षेत्रहरुको व्यवसायीकण गर्ने,आधुनिकीकरण एवं यान्त्रीकरण गर्दै सूचना, सञ्चार र प्रविधिको माध्यमबाट सुशासन प्रबर्द्धन गरी सार्वजनिक विकास पूर्वाधारहरुको दिगो विकास गरी सेवा सुविधाहरुको प्रवाह गर्ने, जलवायु परिवर्तनको नकरात्मक असरको न्यूनीकरण गर्दै अनुकुलनका कार्यक्रमहरु कार्यान्वयन गर्ने, सामाजिक

शेख शकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा रौतहट

विकास एवं पूजीलाई संस्थागत गर्दै परोहा नगरपालिकाले लिएको "सभ्य र समृद्व परोहाः हाम्रो परोहा राम्रो परोहा" भन्ने नारालाई सार्थक बनाउन सम्पूर्ण नगरबासी,जनप्रतिनिधि र कर्मचारीहरुले गरीरहेको सहयोगलाई आत्मसाथ गर्दै अझ दृढताका साथ लागी परेको स्मरण गराउन चाहन्छु ।

नेपालको संविधान, संघीय तथा मधेश प्रदेश सरकारबाट जारी ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४, विषयगत समितिका सुझावहरु, दीगो विकासका लक्ष्यहरु,नगर सभा सदस्यका सुझावहरु, नागरिक समाज, राजनीतिक दल तथा विभिन्न सँघ संस्था एवं सरोकारवालाहरुको विभिन्न क्षेत्रबाट प्राप्त सल्लाह सुझावका आधारमा नेपालको संविधानको धारा ५९ र धारा ६० बमोजिम प्राप्त अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ४ को दफा १९ अनुसार यस सम्मानित नगरसभामा प्रस्तुत गर्नका लागि अगामी आ.व.२०८३/८४ को नीति तथा कार्यक्रम तयार गरिएको सबैमा जानकारी गराउन चाहन्छु।

नगरसभा उपाध्यक्ष ज्यू,

नगरसभा सदस्यज्यूहरु,

अगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम तयार गर्ने र स्रोतको वितरण गर्ने क्रममा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, नेपाल सरकारको सोह्रौ आवधिक योजना, दिगो विकास लक्ष्यका साथै विभिन्न क्षेत्रगत नीति तथा रणनीतिहरुलाई प्रमुख मार्गदर्शनको रुपमा लिईएको व्यहोरा अवगत गराउन चाहन्छु। "**सभ्य र समृद्व परोहाःहाम्रो परोहा राम्रो परोहा,**" भन्ने नारालाई सार्थक बनाउनअगामी आर्थिक वर्ष २०८३/८४ मा परोहा नगरपालिकाले अवलम्बन गर्ने विषयगत क्षेत्रका नीति तथा कार्यक्रम, प्रस्तावित बजेट, नगरपालिकाको दीर्घकालिन सोच,नगरपालिकाको विकासका प्राथमिकताहरु, योजना तर्जुमाका आधारहरु र नगरपालिकाका समग्र नीतिहरुको सार संक्षेप यहाँहरु समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु।

## (क) सामाजिक विकास तर्फ

१. प्राविधिक तथा व्यावसायिक शिक्षालय स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

२. बाल शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षालाई थप जीवनोपयोगी र व्यवसायिक बनाउँदै लगिनेछ

३. साक्षर नगरपालिका बनाउन विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गरिनेछ ।

४. सबै विद्यालयहरुमा विधार्थीहरुलाई मापदण्ड बनाई दिवा खाजा खुवाउने कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

५. विद्यालयहरुमा शौचालय निर्माण र स्तरोन्नति,निशुल्क सेनेटरी प्याडको सुबिधा तथा शुद्धखानेपानीको व्यवस्थालाई थप सुधार गर्दै निरन्तरता दिईनेछ।

६. मेयर केयर छात्रवृति कार्यक्रम संचालन संचालन गरिने छ।

७. विद्यार्थी उपलब्धि परीक्षणको आधारमा विद्यालय, विद्यार्थी र शिक्षकलाई पुरस्कृत गरिनेछ।

८. शैक्षिक गुणस्तर कायम गर्न नगरपालिकाद्वारा नियुक्त करार शिक्षकहरुको व्यवस्थापन कार्यलाई निरन्तरता दिदै थप प्रभावकारी व्यवस्थापन गरिनेछ।

९. विद्यालय बाहिर रहेको बालबालिका तथा किशोरीहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट विद्यालयमा सहज प्रवेशको व्यवस्थालाई निरन्तरता दिईनेछ।

## स्वास्थ्य सम्बन्धी नीति

१०. सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्था परिक्षण कार्यलाई थप व्यवस्थित गरिनुका साथै गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसूती गराउने व्यवस्था मिलाईनेछ।

११. नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न लागि अस्पतालमा नि:शुल्क बेडको व्यवस्थालाई निरन्तरता दिईनेछ।

१२. आयुर्वेद उपचार पद्धतिलाई प्रबर्धन गरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ।

१३. नगरपालिका अन्तर्गतको बर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिलालाई तत्काल कपडा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

१४. स्वास्थ्य संस्थाद्वारा उपलब्ध हुने सेवालाई प्रविधिमैत्री बनाउदै लगिनेछ।

१५. महिलाहरुमा बढदो क्रममा रहेको स्तन तथा पाठेघरको क्यान्सर जस्ता घातक रोगहरुको नि:शुल्क परीक्षणका लागी विभिन्न निकायहरुसँग समन्वय गरी सेवा प्रदान गरिनेछ।

१६. जेष्ठ नागरिकहरुलाई सहज स्वास्थ्य सेवा प्रदान गर्ने, जेष्ठ नागरिकसँग नगरप्रमुख घरदैलो कार्यक्रम संचालन गरिनेछ।

१७. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको उपलब्धताको लागि आवश्यक दक्ष जनशक्ति, औषधी, औजार उपकरणहरूको आपूर्तिलाई निरन्तरता दिईनेछ।

शेख बकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

१८. बाल रोग, सुरक्षित गर्भपतन सेवा, परिवार नियोजन जस्ता सेवाहरूको सञ्चालनका साथै क्षयरोग नियन्त्रण तथा रोकथामको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न व्यवस्था मिलाईनेछ।

१९. आवश्यक्ताको आधारमा आँखा, नाक, कान लगायत अन्य स्वास्थ्य समस्याहरु सम्बन्धि स्वास्थ्य शिविरहरु सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी नीति

२०. बिहेवारी बीस बर्ष पारी भन्ने नारालाई सार्थक बनाउन यस नगरपालिकालाई बालबिवाह मुक्त पालिका घोषणा गर्न **बालविवाह अन्त्यका लागि रणनितिक योजना, २०८०** ले निर्दिष्ट गरे बमोजिम कार्यक्रम संचालन गरिनेछ।

२१. गरिब, विपन्न, सिमान्तकृत, बेरोजगार महिलाहरुलाई विभिन्न किसिमका सीपमूलक तालिमहरुको माध्यमबाट दक्ष र आत्मनिर्भर बनाउदै लगिनेछ।

२२. आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, मुस्लिम, दलित, फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङख्यक, सिमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानको लागि आयमूलक र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२३. यस नगरपालिकामा स्थायी बसोबास भई ईन्जिनियरिङ्ग तथा मेडिकल तर्फ स्नातक तहमा अध्ययनरत् छात्राहरुलाई प्रोत्साहन स्वरुप एकमुष्ठ रु. २५ हजार उपलव्ध गराईने कार्यलाई निरन्तरता दिएको छ।

२४. अपाङ्गता भएका बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

## कला, संस्कृति,साहित्य र सम्पदा सम्बन्धी नीति

२५. नगरक्षेत्रभित्र मनाइने पर्व,मेला,पूजा,परम्परागत जीवनशैली एवं अन्य सांस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गरिदै लगिनेछ।

२६. नगर क्षेत्रमा रहेका ऐतहासिक,धार्मिक,पुरातात्विक महत्वका मठ,मन्दिर,पोखरी, मदरसा आदिको अभिलेख राखी संरक्षण र सम्वर्द्धनको व्यवस्था मिलाइनेछ।

## श्रम, रोजगार,सीप तथा उधमशिलता सम्बन्धी नीति

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लौकाहा, रौतहट मधेश प्रदेश नेपाल

२७. रोजगार, सीप तथा उद्यमशीलता केन्द्रलाई स्रोत साधन, जनशक्ति, प्रविधि र पूर्वाधारद्वारा सबलीकरण गरि स्थानीय स्तरमा रोजगारीका अवसर र सम्भावनाहरुको पहिचान गर्ने, श्रम बजारको प्रकृतिको बारेमा जानकारी गराउने, श्रम बजारमा प्रवेश गर्ने व्यक्तिहरूलाई आवश्यक बेरोजगार सेवा सहायता, करियर परामर्श, रोजगारी मार्गदर्शन एवम् रेफरल सेवा लगायत श्रम, रोजगार, सीप, उद्यमशीलता, वैदेशिक रोजगार र पुनः एकीकरण सम्बन्धी एकीकृत सेवाहरु केन्द्रमार्फत प्रवाह गरिनेछ।

२८. स्थानीय श्रम बजारको माग र आवश्यकतालाई विश्लेषण गर्न श्रम बजारको अध्ययन गरिनेछ।

२९. बेरोजगार व्यक्ति वा सीपको खोजीमा रहेका व्यक्ति वा निम्न स्तरका सीप वा थप क्षमता विकास आवश्यक भएका व्यक्तिहरूलाई श्रम बजारको माग र आवश्यकताको आधारमा व्यवसायिक तथा प्राविधिक तालिम मार्फत दक्ष, प्रतिस्पर्धी र व्यवसायिक जनशक्ति तयार गरी श्रम बजारमा आपूर्ति गरिनेछ।

३०. नगरपालिकाले सङ्घीय सरकार, प्रदेश सरकार लगायत विभिन्न सरकारी तथा गैर-सरकारी निकाय, तालिम प्रदायक संस्था, निजी क्षेत्रसँग नियमित सम्वाद, समन्वय र सहकार्य गरि जब म्याचिङ्ग प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ।

३१. नयाँ उद्यम व्यवसाय सुरु गर्न चाहने व्यक्ति, उद्यम व्यवसायहरूको विस्तार गर्न चाहने उद्यमी र नवप्रवर्तनलाई प्रोत्साहन गर्न विकास साझेदार एवम् गैरसरकारी संघसंस्थाहरुको सहयोग र सहकार्यमा उद्यमीहरुलाई आवश्यक सहयोग र सहजीकरण गर्न रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमार्फत व्यवसाय विकास सेवा, व्यवसाय परामर्श, उद्यमशीलता विकास तालिम, बजारीकरण सीप लगायत व्यवसाय संवर्द्धन सेवा सञ्चालन गरिनेछ।

३१. वैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमार्फत स्थानीय तहमै गन्तव्य मुलुकको बारेमा अनिवार्य रूपमा सूचना, जानकारी, परामर्श र आवश्यक सेवा प्रदान गरी वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणरहित बनाउन आवश्यक सहजीकरण गरिनेछ।

३२. वैदेशिक रोजगारीका क्रममा आर्जन गरेका ज्ञान, सीप, पूँजी, प्रविधि र अनुभवलाई स्थानीय स्तरमै उद्यम व्यवसायमा आबद्ध गर्न वा उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई कृषि, पर्यटन, हस्तकला, डिजिटल उद्यम एवम् सेवा क्षेत्रमा पुनः एकीकरण गर्न अप्रवासी

नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

समूह वा श्रमिक सहकारी मार्फत लगानी प्रवर्द्धन गरी उद्यम व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

३३. नगरपालिका अन्तर्गतका उच्च माध्यमिक विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुलाई श्रम बजारको प्रकृति, माग र आपूर्तिको वर्तमान अवस्थाको बारेमा जानकारी गराउन विद्यालयहरुसंगको समन्वय र सहकार्यमा करियर काउन्सेलिङ सेवा र श्रम बजार सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. श्रम बजारलाई सहज, पहुँचयोग्य र प्रविधिमैत्री बनाउन रोजगारीको खोजीमा रहेका व्यक्ति, रोजगारदाता, सेवा प्रदायकहरुलाई श्रम संसार प्रणालीमा आबद्ध गरिनेछ ।

## (ख) आर्थिक विकास तर्फ

### कृषि तथा पशु सम्बन्धी नीति

३५. कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्न सिंचाई प्रणालीको विस्तारमा जोड दिईनेछ।

३६. कृषि पेसालाई सम्मानजनक, मर्यादित र प्रतिष्ठित बनाई युवाहरुलाई कृषिमा आकर्षित गर्न बागबानी तथा तरकारीहरुको पकेट क्षेत्र विस्तार गरी उत्पादन अभिबृद्धि गर्न जोड दिईनेछ।

३७. कृषिलाई उत्पादनमुखी बनाउन अनुदान, कृषि बिमा, मूल्य श्रृङ्खला, बजारीकरण, प्राविधिक परामर्श सेवा उपलब्ध गराउन व्यवस्था मिलाईनुका साथै बिभिन्न बालीनाली तथा तरकारीका बिउहरु उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईनेछ।

३८. कृषिको आधुनिकीकरण, व्यवसायीकरण र कृषि उपजहरुको बजारीकरणमा योगदान पुर्याउन कृषि तथा नगदेवालीजन्य उद्योग व्यवसायहरुलाई प्राथमिकता दिईनेछ ।

३९. उन्नत जातका फलफूल जस्तै आँप, लिची, व्यवसायिक तरकारी खेती, मेवा खेती,मसला बाली, केरा खेती आदि गर्न कृषक, कृषक समूह र कृषि सहकारीहरुलाई प्रोत्साहन गरिनेछ ।

४०. पशुपंक्षी उपचार सेवा,पशु आहारा कार्यक्रम, पशुपंक्षी खोप कार्यक्रम तथा बाझोपन निवारण जस्ता कार्यहरुलाई प्राथमिकता दिईनेछ।

४१. पशुपालन व्यवसायलाई थप व्यवस्थित बनाउन पशु सेवा केन्द्रबाट कृषकहरुलाई पशुपालन व्यवसायमा सहज र आयमुलक बनाउन थप उपचार रोग निदान खोप सेवालाई प्रभावकारी रुपमा संचालन गरिने छ।



CamScanner

४२. कृषि सिंचाईका लागि कृषि विद्युतीकरण र स्यालो ट्यूवेल जडान कार्यलाई निरन्तरता दिईनेछ।

४३. युवाहरुलाई उद्यम व्यवसायमा आकर्षित एवम् प्रवर्द्धन गर्न कृषि, पशु, पर्यटन, पर्यावरण, सूचना प्रविधि क्षेत्रसंग सम्बन्धित उद्यम व्यवसाय लगायत अन्य घरेलु तथा साना उद्यम व्यवसायलाई नगरपालिकामा निःशुल्क दर्ता गरिने व्यवस्था गरेको छु र व्यवसाय करमा पनि ५० प्रतिशत शुल्क मिनाहा हुने व्यवस्था मिलाएको छु।

### पर्यटन सम्बन्धी नीति

४४. परोहाको प्राकृतिक, धार्मिक, मौलिक, पुरातात्त्विक एवं सांस्कृतिक सम्पदा र जलसम्पदा पर्यटनको मुख्य आधार क्षेत्र रहेको छ। यी सम्पदाहरूको संरक्षण र संवर्द्धन गरी नयाँ नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विकास र प्रवर्द्धन गरिनेछ।

४५. परोहा नगरपालिकामा रहेका पोखरीहरुको संरक्षण एवम् सौन्दर्यीकरणमा जोड दिईनेछ।

## (ग) पूर्वाधार विकास तर्फ

४६. उज्यालो शहर र सुरक्षित शहरको अवधारणा अनुसार नगरका विभिन्न स्थानहरुमा हाईमास्ट लाईट जडान तथा मर्मत कार्यलाई निरन्तरता दिइनेछ।

४७. सडकमा परेका बिधुतका पोलहरु लाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ। साथै नयाँ सडक निर्माण गर्दा सडकमा परेका विधुतपोलहरु हटाउने र अपुग भएमा पोलतारहरु थप गरी बिधुत सेवा विस्तार कार्यलाई निरन्तरता दिइनेछ।

४८. शैक्षिक पूर्वाधार, स्वास्थ्य पूर्वाधार, विद्युत्, खानेपानी, फोहोरमैला व्यवस्थापन जस्ता न्यूनतम स्थानीय पूर्वाधारहरूको निर्माण एवं विस्तारमा जोड दिईनेछ।

४९. यस नगरपालिका भित्र सडकको पहुँच नपुगेको स्थानहरुमा सडकको पहुँच पुर्याइनेछ । हाल सञ्चालनमा रहेका सडकहरुको मर्मत सम्भार र स्तरोन्नति कार्यलाई निरन्तरता दिईनेछ।

५०. सडक बोर्ड नेपालको लागत साझेदारीमा सडक मर्मत सम्भार कार्यलाई निरन्तरता दिईनेछ साथै स्थानीय आवश्यक्ताको आधारमा नयाँ सडकहरुको निर्माण गरिनेछ।

५१. प्रत्येक वडामा विवाह भवन निर्माणका लागी विभिन्न निकायसँग समन्वय गरी निर्माणका लागी पहल गरिनेछ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

५२. पूर्वाधार निर्माण कार्यको गुणस्तर कायम गर्न प्राविधिक तथा सिभिल ल्याब स्थापनाको लागि सरोकारवाला निकायसंग समन्वय र सहकार्य गरिनेछ ।

५३. जिल्ला प्रशासन कार्यालयले तयार पारेको जिल्ला दररेटलाई नै यस नगरपालिकामा लागु गर्ने गरी स्थानीय दररेटको मान्यता दिईनेछ । साथै आवश्यक परेको खण्डमा स्थानीय दररेट कायम गर्ने नीति लिईनेछ ।

## (घ) वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ

५४. नगरको फोहरमैला (Municipal Solid Waste) को दिगो रुपमा व्यवस्थापन गर्ने नीति लिईनेछ । यसका लागि आवश्यक अध्ययन,अनुसन्धान, नीति, जग्गाको प्राप्ति,स्थापना, विकास र सञ्चालन गर्ने नीति अंगिकार गरिनेछ ।

५५. सार्वजनिक जग्गा,नदी किनार, सडक किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५६. नगरपालिका क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको लगत तयार गरिनेछ । सार्वजनिक जग्गाहरुको अतिक्रमण हटाई पार्क निर्माण गरिनेछ ।

५७. विभिन्न गैर सरकारी संघसंस्था एवं विकास साझेदार संस्थाको सहयोग र सहकार्यमा नगर आपतकालीन संचालन केन्द्र (Municipal Emergency Operation Center) को स्थापना तथा व्यस्थित संचलान गरिनेछ ।

५८. नगरपालिकाको विपद जोखिम नक्सांकन (Hazard Mapping) कार्यलाई अद्यावधिक गरिदै लगिनेछ ।

५९. विपद् प्रभावित क्षेत्र, व्यक्ति वा परिवारलाई आवश्यक राहत तथा क्षतिपुर्ति वितरण कार्यलाई निरन्तरता दिएको छ ।

६०. प्रकोप रोकथाम तथा विपद् व्यवस्थापनका लागि विशेष जोड दिईनेछ ।

६१. वातावरण प्रदुषणलाई नियन्त्रण गर्न सम्बन्धित पक्षहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

६२. जलवायु नियन्त्रणमा सहयोग पुग्ने उद्देश्यले नगर भित्रका प्रत्येक घरधुरीमा एक घर, एक विरुवाको नीतिलाई निरन्तरत दिएको छु ।

शोभा वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

६३. "हरित नगर, स्वच्छ नगर" को रुपमा विकसित गर्न ईको पार्क निर्माण कार्यका लागी विशेष पहल गरिनेछ ।

६४. ढलनिकास र Land Field साईटको लागि आवश्यक जग्गा व्यवस्थापनमा जोड दिईनेछ ।

(ङ) संस्थागत सेवा तथा सुशासन तर्फ

६५. नगरपालिकाकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानूनी प्रवन्ध गरी कार्यान्वयन गरिनेछ ।

६६. नगरपालिकाको संगठन संरचना रस्वीकृत दरवन्दी अनुसार कर्मचारीहरुको कार्य विवरण प्रभाबकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६७. नगरपालिका स्थापना दिवसका अवसरमा कार्य सम्पादनमा अब्बल एवं उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिनेछ ।

६८. नगरपालिकाका सार्वजनिक स्थानहरुमा थप सिसिटिभी जडान गरी प्रत्यक्ष निगरानी गरिने व्यवस्था मिलाईनेछ । नगरबासी एवं व्यवसायीहरुको जीउधनको सुरक्षाको लागि नेपाल प्रहरीको सहयोगमा नगरका महत्वपूर्ण स्थानहरुमा जडान गरिएको सि.सी.टि.भी. को मर्मत एवं विस्तार कार्यलाई निरन्तरता दिईनेछ ।

६९. संविधान तथा कानुन बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयन गर्न नयाँ कानुनी प्रबन्धहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

७०. नगरपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

७१. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ ।

७२. कर तथा गैरकर स्थानीय राजस्वको अनुगमन गर्न बिशेष टोली गठन गरी परिचालन गरिनेछ ।

७३. आर्थिक ऐन अनुसार उपलब्ध गराउंदै आएको कर छुटलाई पुनरावलोकन गरिनेछ ।

७४. सबै वडाहरुमा मेलमिलाप केन्द्रको स्थापना गरी विवाद निरुपण कार्यलाई थप प्रभाबकारी बनाइनेछ ।

शेख बाबिन्द्र
नगर प्रमुख
परोहा नगरपालिका
रौकाहा, रौतहट

७५. सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

७६. बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम व्यवस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ ।

७७. सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

७८. स्थानीय सेवा प्रवाहलाई चुस्त दुरुस्त, प्रभावकारी, मितव्ययी तथा पारदर्शी बनाउन विद्युतीय प्रणालीको विकास, विस्तार गरिनेछ ।

७९. स्थानीय सरकार र सेवाग्राही बिच कुशल सम्बन्ध स्थापित गर्न अनलाईन प्रविधिको विकास गरि प्रक्रियागत झन्झटको अन्त्य गरिनेछ ।

८०. नगरपालिकाका सम्पूर्ण सूचनाहरुमा जनताको सहज पहुँच पुर्याउन वेभसाईट, मोबाईल एप्प एवं अन्य उपकरणहरुलाई समयानुकुल अध्यावधिक गरिदै आएको कार्यलाई निरन्तरता दिइनेछ ।

८१. सेवा प्रवाहलाई प्रभावकारी, मितव्ययी र जनमैत्री बनाउन सेवा प्रवाहको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

८२. आन्तरिक श्रोतको दायरालाई फराकिलो बनाउँदै विकासका कार्यलाई गति प्रदान गर्न प्रचलित कानुनको अधिनमा रही नगरसभाबाट स्विकृत कर,शुल्क, दस्तुर तथा जरिवाना असुल गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।

नगर प्रमुख
परोहा नगरपालिका
मौलाहा, रौतहट

बजेट वक्तव्य

परोहा नगरपालिकाको सम्मानित गरिमामय दशौ नगर सभाका उपाध्यक्ष ज्यू, प्रमुख अतिथिज्यू,वडा नं.१ देखि ९ सम्मका वडा अध्यक्ष ज्यूहरु, यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यू,कार्यापालिका सदस्यज्यूहरु, नगर सभा सदस्यज्यूहरु, कर्मचारीहरु, शिक्षक तथा शिक्षिकाहरु, संचारकर्मी एवं पत्रकार ज्यूहरु यस नगर सभाको कार्यक्रममा उपस्थित भई दिनु भएकोमा उपस्थित हुनु भएका सबैमा सर्वप्रथम म हार्दिक अभिवादन व्यक्त गर्दछु। बहुजातिय, बहुभाषिक, बहुधार्मिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मासाथ गरि विविधता बिचको एकता, सामाजिक, सांस्कृतिक एक्यवद्धता र सदभावलाई संरक्षण एवं प्रर्वधन गर्दै वर्गीय, जातिय, क्षेत्रिय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुत अन्त्य गरी आर्थिक समानता समृद्ध र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागिता मुलक सिद्वान्तको आधारमा समानता मुलक समाजको निर्माण गर्न राष्ट्रिय संकल्पलाई आत्मासाथ गर्दै संघीय सरकार र प्रदेश सरकारसँग समन्वय सहकार्य र सहअस्तित्वको भावना अनुरुप कार्यगत एकता गर्दै यस नगरपालिकाको समृद्धि, आत्मनिर्भरता र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न हाम्रो लक्ष्य रहेको छ ।

आदरणिय महानुभावहरु,

आज हामी यस सम्मानित गरिमामय सभामा परोहा नगरपालिकाको आउँदो दिनको भविष्य निर्माणको निमित्त यहाँ उपस्थित भएका छौ।जनआकांक्षा अनुसार बजेट कार्यान्वयन तथा सेवा प्रवाह गर्न विभिन्न कठिनाई हुने भए तापनि बजेट पारित गरि समयमा नै जनभावना अनुसार कार्य गर्न हामी प्रतिबद्ध छौं। आ.व. २०८३/८४ को लागि तयार गरिएको वार्षिक बजेटले नगरपालिकाको विविध पक्षहरुलाई समेट्ने अपेक्षा लिईएको छ । "सभ्य र समृद्व परोहाः हाम्रो परोहा राम्रो परोहा" नारालाई सार्थक बनाउन यस परोहा नगरपालिकाको अवधारणा अनुसार आर्थिक, सामाजिक विकासका लागि आवश्यक श्रोत परिचालन गर्न नगरस्तरीय राजश्व परामर्श समितिबाट सम्भाव्यता अध्ययन गरी राजश्व अनुमान र संघीय सरकार, प्रदेश सरकार, आन्तरिक आय र अन्य निकायबाट प्राप्त हुने आय समेतलाई मध्य नजर गर्दै तयार गरिएको आ. व. २०८३/२०८४ को बजेट प्रस्तुत गर्न गईरहेको छु ।

शेख बकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

गौशाला नगरपालिका नगरपालिकाको कार्यालय लौकाहा, गौतहट मधेश प्रदेश नेपाल

## आ.व. २०८३/०८४ आय तर्फ

आ.व. २०८३/८४ मा यस नगरपालिकाको लागि संघीय सरकार, प्रदेश सरकार र आन्तिक आयबाट प्राप्त हुने वित्तीय समानीकरण, राजस्व बाँडफाँड अनुदान तथा आन्तरिक आय देहाय बमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| १ | वित्तीय हस्तान्तरणबाट प्राप्त आय | | |
| १.१ | नेपाल सरकारबाट प्राप्त हुने अनुमानित अनुदान: | | |
| १.१.१ | संघीय वित्तीय समानीकरण अनुदान | १११८००००० | ११ करोड १८ लाख |
| १.१.२ | संघीय सशर्त अनुदान पूँजीगत | ५६००००० | छपन्न लाख |
| १.१.३ | संघीय विशेष अनुदान | ८९००००० | उनानब्बे लाख |
| १.१.४ | संघीय सम्पूरक अनुदान | १७५०००००/- | एक करोड पचहत्तरी लाखा |
| १.१.५ | संघीय राजस्व बाँडफाँड | ११०७६७००० | ११ करोड ७ लाख ६७ हजार |
| १.१.६ | सशर्त अनुदान चालु | २०९५००००० | २० करोड ९५ लाख |
| २ | प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित अनुदान: | | |
| २.१ | समानीकरण अनुदान | रु.७६५४०००.०० | ७६ लाख ५४ हजार |
| २.२ | सशर्त अनुदान पूजीगत | रु.६००००००.०० | ६० लाख |
| २.३ | विशेष अनुदान चालु | रु.३००००००.०० | ३० लाख |
| २.४ | सम्पूरक अनुदान पूजीगत | रु.३००००००.०० | ३० लाख |
| ३ | आन्तरिक आय अनुमानित | रु.१३१७६४४४.०० | १ करोड ३१ लाख ७६ हजार ४ सय ४४ रुपैया |
| कुल जम्मा बजेट रकम रु. | | रु.४९६८९७४४४.०० | ४९ करोड ६८लाख ९७ हजार ४ सय ४४ रुपैया |

आगामी आ.व.२०८३/८४ को अनुमानित कुल आय रकम रु.४९ करोड ६८ लाख ९७ हजार ४ सय ४४ रुपैयालाई तपसिल अनुसार क्षेत्रगत रुपमा विनियोजन गरिएको जानकारी गराउन चाहन्छु ।

- चालु खर्च तर्फ रु. ३३ करोड ६४ लाख ४३ हजार ४ सय चौवालिस अर्थात विनियोजनको ६७ दशमलव ७१ प्रतिशत, र

➢ पुँजीगत विकास निर्माण तर्फ रु.१६ करोड ४ लाख ५४ हजार अर्थात विनियोजनको ३२ दशमलव २९ प्रतिशत खर्च हुने संशोधित अनुमान रहेको छ।

यस बजेटले नगरपालिकाको सामाजिक, आर्थिक, साँस्कृतिक,दिगो पूर्वाधार सहित विकासमा महत्व राख्ने विश्वास लिएको छु ।

नगरसभा उपाध्यक्षज्यू,

नगरसभा सदस्यज्यूहरु,

परोहा नगरपालिकाले अगामी आर्थिक बर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमले परिकल्पना गरेका सोँच, नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्नमा प्रतिबद्ध रहेको छ ।

धन्यवाद!!

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट